# आयकर ऐन, २०५८ मा “छुट हुने रकम”

श्री ५ को सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजश्व विभाग
लाजिम्पाट,काठमाण्डौं

*“कर तिर्नु कानूनी कर्तव्य मात्र होईन,*
*सम्मान पाउने अवसर पनि हो”*

चैत्र, २०५९

## छुट हुने रकमहरू

१. “छुट हुने रकम” भनेको के हो ?

- छुट हुने रकममा कर लाग्दैन । यस्तो रकम कुनै व्यक्तिको व्यवशाय, रोजगारी र लगानीबाट प्राप्त आयको गणना गर्दा आयमा समावेश गर्नु पर्दैन । यस्ता रकम प्राप्त गर्ने कार्यसंग सम्वन्ध भएका खर्चहरू कट्टी गर्न पनि पांइदैन (**दफा २१(१)(ग)**) । त्यसै गरि पूंजिगत लाभको गणना गर्ने प्रयोजनका लागि पनि सम्पत्ति तथा दायित्व बापतका आम्दानीहरूमा कर छुट पाएका रकमहरू समावेश गर्नु पर्दैन (**दफा ३९(१)(ग)**) । सामान्य अवस्थामा भुक्तानीमा अग्रिम कर कट्टी गर्नु पर्ने भए पनि कर छुट हुने रकमहरूको भुक्तानी गर्दा भने कर कट्टी गर्नु पर्दैन (**दफा ८९(४)(ख)**) ।

२. “छुट हुने रकम” अन्तर्गत कस्ता रकमहरू पर्दछन ?

- छुट हुने रकमहरू अन्तर्गत देहायका रकमहरू पर्दछन (**दफा १०**):-
  - (क) श्री ५ को सरकार र कुनै विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको बीचमा भएको द्विपक्षीय वा बहुपक्षिय सन्धिमा उल्लेख भएबमोजिम कर छुटको सुविधा पाउने कुनै व्यक्तिले प्राप्त गरेको कर छुटको रकम,
  - (ख) विदेशी राष्ट्रको सरकारी सेवामा रोजगारी गर्ने र रोजगारी गरेको कारणले मात्र बासिन्दा वा गैर बासिन्दा भएको प्राकृतिक व्यक्तिले त्यसरी रोजगारी गरेबापत विदेशी राष्ट्रकै सरकारी कोषबाट भुक्तानी प्राप्त गरेको रकम,
  - (ग) नेपालको नागरिक नभएको खण्ड (ख) बमोजिमको प्राकृतिक व्यक्ति वा निजको निकटस्थ परिवारको

सदस्यले विदेशी राष्ट्रको सरकारी कोषबाट प्राप्त गरेका रकम,

(घ) कर तिर्नु नपर्ने शर्तमा श्री ५ को सरकारको सेवामा नियुक्त भएका गैर नेपाली नागरिकले प्राप्त गरेको रकम,

(ङ) श्री ५ को सरकारबाट विधवा, बृध्द वा अपाङ्ग व्यक्तिलाई दिइने भत्ता,

(च) कुनै व्यक्तिको लगानी, व्यवशाय वा रोजगारीबाट हुने आयको गणना गर्दा समावेश गरिनुपर्ने रकम बाहेक उपहार, इच्छापत्र, अपुताली वा छात्रवृत्तिको रूपमा प्राप्त रकमहरू,

(छ) छुट पाउने संस्थाले देहायबापत प्राप्त गरेको रकम :–

(१) चन्दा, उपहार,

(२) छुट पाउने संस्थालाई संस्थाबाट प्रतिफल लिने गरी वा नलिने गरी त्यस्तो संस्थाको कार्यसंग प्रत्यक्ष रूपले सम्बन्धित अन्य योगदानहरू, वा

(३) नेपाल राष्ट्र वैंकले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकम, वा

(ज) विदेशी राष्ट्रको सेना वा प्रहरी सेबाबाट अवकाश प्राप्त गरेको नेपाली नागरिकले सो राष्ट्रको सरकारी कोषवाट प्राप्त गरेको निवृत्तिभरण बापतको रकम ।

## ३. “छुट हुने रकम” का उदाहरणहरू के के हुन सक्छन ?

- नेपालस्थित विदेशी कुट्नैतिक नियोगमा कार्यरत कर्मचारीले पाएको विदेशबाटै भुक्तानी हुने रकम, नेपालस्थित संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) मा कार्यरत आवाशीय प्रतिनिधिले प्राप्त गर्ने पारिश्रमिक, विधवा वा बृद्ध भत्ताबापत प्राप्त भएको रकम, विदेशी राष्ट्रको सेना वा प्रहरी सेबाबाट अवकाश प्राप्त गरेको नेपाली नागरिकले सो राष्ट्रको सरकारी कोषवाट प्राप्त गरेको निवृत्तिभरण (पेन्सन) बापतको रकम आदि कर छुट हुने रकमका उदाहरणहरू हुन सक्छन ।

४. कर छुट नहुने रकमका उदाहरणहरू के के हुन सक्छन ?

- नेपालस्थित विदेशी कुटनैतिक नियोगमा कार्यरत स्थानीय कर्मचारीले प्राप्त गर्ने पारिश्रमिक, नेपालस्थित संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) मा कार्यरत स्थानीय कर्मचारीले प्राप्त गर्ने पारिश्रमिक, विधवा वा बृद्ध भत्ता बाहेक अन्य भत्ताको रूपमा प्राप्त भएको रकम, निजामति, प्रहरी, शाही नेपाली सेना, शिक्षक, निजी क्षेत्रका प्रतिष्ठान आदिमा काम गरी अवकाश प्राप्त गरेका नेपाली नागरिकले प्राप्त गरेको निवृत्तिभरण, उपदान बापतको रकम आदि कर छुट नहुने रकमका उदाहरणहरू हुन सक्छन । यस्ता रकममा कर लाग्छ ।